अन्तिम लेखापरीक्षण प्रतिवेदन

गण्डकी गाउँपालिका, गोरखा

आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९
च.नं.: २०८

मितिः २०७८।०५।०४

श्री अध्यक्षज्यू,
गण्डकी गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
गोरखा ।

विषयः- <u>लेखापरीक्षण प्रतिवेदन ।</u>

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ। साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो। लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते — **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

पत्र संख्याः २०७८/७९ च.नं.: १२१ मितिः२०७८।०५।०४

श्री अध्यक्षज्यू,
गण्डकी गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
गोरखा ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

कैफियत सहितको राय

हामीले गण्डकी गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२. लेखापरीक्षणबाट रु ९१ लाख १९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु २२ लाख ९३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ३७ लाख ३४ हजार र नियमित गर्नुपर्ने रु ३० लाख ९२ हजार रहेको छ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७७।१२।१५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २५ यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ ।गाउँ कार्यकारिणी, र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

आर्थिक कारोवारको स्थिति

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता उत्तरदायित्व पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ। यस पालिका अन्तर्गत ८ वडा ४५ सभा सदस्य १२३ वर्ग किलोमिटर क्षेत्रफल रहेको छ।

आय व्ययको एकिकृत विवरण २०७६।७७

सि नं	आयतर्फ			सि नं	व्ययतर्फ		
	विवरण	रकम	जम्मा रकम		विवरण	रकम	जम्मा रकम
१	**गत वर्षको जिम्मेवारी**		४२२०५४८१.३५	१	**चालु खर्च**	२४४२००३५०.२४	२४४२००३५०.२
	क) नगद			२	**पूँजीगत खर्च**	११५१४५८२७	११५१४५८२७.३
	ख) बैंक	४२२०५४८१.३५		३	**विषयगत तर्फः**		१०७१४९८९३.३
२	**राजस्व (आन्तरिक आय)**		७०३८५९२४.०६		सामाजिक सुरक्षा	९४६८००००	
	क) आन्तरिक राजस्व	१७२७५७५२.			स्थानीय पुर्वाधार साझेदारी	९०१८९७८.१४	
	ख) राजस्व बाँडफाँड	५३११०१७२			गरिवसँग विश्वेश्वर	६९८५००	
३	**वित्तीय हस्तान्तरण**		३१२०६३०००		शिक्षा विकास निर्देशनालय	१७७०५५२.१६	
	क)वित्तीय समानीकरण अनुदान	१३४१०००००			मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	५०००००	
	ख) सशर्त अनुदान	१६४६६३०००			राष्टिय परिचयपत्र तथा पञ्जिकरण	४८१८६३	
	ग) समपूरक अनुदान	१३३०००००		४	**वित्तीय व्यवस्था भुक्तानी**		०
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		२४५६३०००		क) ऋण भुक्तानी		
	क)वित्तीय समानीकरण अनुदान	१९५६३०००			ख) ब्याज भुक्तानी		
	ख) सशर्त अनुदान	०			ग) अन्य भुक्तानी		
	ग) समपूरक अनुदान	५००००००		५	**लगानी**		०
५	**अन्तर स्थानीय तहबाट प्राप्त**		०	६	ऋण लगानी		
६	**वित्तीय व्यवस्था प्राप्ति**		०		शेयर लगानी		
७	**विभिन्न कोषतर्फको आय**		१३८५०८७३		अन्य लगानी		
	विभाज्य कोष खाता	६५२४८१०			**धरौटी फिर्ता**	१५६७४९८	१५६७४९८.२९
	प्रकोप व्यवस्थापन तथा अन्य कोष	७३२६०६३.			**कोष खर्च (प्रकोप व्यवस्थापन तथा अन्य कोष)**	५६०७९३३	५६०७९३२.८५
८	**विषयगत तर्फः**		१०७१४९८९३.३		**मौज्दात**		१००१९६४५९.१५
	सामाजिक सुरक्षा	९४६८००००			क) नगद मौज्दात		
	स्थानीय पुर्वाधार साझेदारी	९०१८९७८.१४		७	ख) बैंक मौज्दात (संचित कोष खाता)	९६३९६०३८.०५	
	गरिवसँग विश्वेश्वर	६९८५००			ग) बैंक मौज्दात (राजश्व बाँडफाँड खाता)	०.	
	शिक्षा विकास निर्देशनालय	१७७०५५२.१६			घ) बैंक मौज्दात (धरौटी कोष खाता)	१९२५९३१.२६	
	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	५०००००			ङ) बैंक मौज्दात (प्रकोप व्यवस्थापन कोष)	१८६२४८९.८४	
	राष्टिय परिचयपत्र तथा पञ्जिकरण	४८१८६३			विविध खाता	१२०००	
	भुक्तानी गर्न वाकी दायीत्व	१४४३५९.६९	१४४३५९.६९				
९	**जनसहभागिता (नगद भए)**		०				
१०	**धरौटी आय**	३४९३४२९.७६	३४९३४२९.७६				
११	**लगानीको साँवा फिर्ता**		०				
१२	**अन्य विविध आय विविध खाता**	१२०००	१२०००				
	जम्मा	**५७३८६७९६१.१६**	**५७३८६७९६१.१६**		**जम्मा**	**५७३८६७९६१.१६**	**५७३८६७९६१.१६**

दफा	भौचर नं. मिति र ब्यहोरा	बेरुजू रकम
	लेखापरीक्षणको क्रममा दाखिलाः लेखापरीक्षणको क्रममा दाखिला नभएको कर लगायतको विभिन्न रकम रु ३६०१०१। मिति २०७७।१२।१७ मा तथा कर्मचारी श्री वेली श्रेष्ठलाइ वढी तलव निकासा गरेको रु ९६००। मिति २०७७।१२।१७ मा दाखिला गरेको छ।	

१ **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छः

- यस स्थानीय तहले NPSAS अनुरूपको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय प्रतिवेदन (म.ले.प.फा. नं. २७२) ले गत वर्षको जिम्मेवारी, यस वर्षको अन्तिम मौज्दात लगायतका देहायका विवरण फरक देखाएको हुँदा यसले आर्थिक विवरणको यथार्थ चित्रण गर्न नसकेको कारण यथार्थ एकिकृत आर्थिक विवरण माग गरी सोही विवरणलाइ आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ।

विवरण	श्रेष्ता अनुसार	मलेपफा नं २७२ अनुसार	फरक रकम
गत वर्षको जिम्मेवारी	४२२०५४८१.३५	४५५७४६४४.५०	३३६९१६३.२
आन्तरिक राजस्व	१७२७५७५२	२०२८७४७३	३०११७२१
मौज्दात	१००१९६४५९.१५	१००७०५८४०	-५०९३८०.८५
विभिन्न कोष तर्फको आय	१३८५०८७३	७३२६०६३	६५२४८१०
विषयगत कार्यक्रम	१०४८७९३४१.१	०	१०४८७९३४१
धरौटी आय	३४९३४२९.७६	११४४२४३.११	२३४९१८६.६५
संघ प्रदेश तथा अन्य कार्यक्रम	१०७१४९८९३.३	०	१०७१४९८९३.३
धरौटी फिर्ता	१५६७४९८	१४५२२७५	११५२२३

२ **बैक हिसाब मिलान** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिबरण (म.ले.प.फा. नं. २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएको देखिन्छ ।आर्थिक वर्षको अन्त्यमा ठुलो रकम खर्च गरेको कारण असार पछि रु ४ करोड ४२ लाख १६ हजार चेक रकम साटिएको कारण असार महिनाको वैंक मौज्दात सँग फरक परेको देखिन्छ। अतः मासिक बैंक हिसाब मिलान विवरण तयार गरी श्रेष्ता अद्दावधिक गर्नुपर्दछ।

सि.नं.	खाताको नाम	२०७७ असार मसान्तसम्मको वैंक मौज्दात	वास्तविक मौज्दात
१	चालु खर्च खाता	५३०५९७७२.	०.
२	पुँजीगत खर्च खाता	८९०३९२६६	०.
३	संचित कोष खाता	१६३९४५३२.६८	९६३९६०३८.०५
४	धरौटी खाता	१८१९१३२.५६	१९२४९३१.२६
५	विभाज्य कोष खाता	०	०.
६	प्रकोप व्यवस्थापन कोष	१९३४४९०	१८६२४८९.८४
७	राजश्व वाँडफाँड खाता	०.	०.
८	विविध खाता	१२०००.	१२०००.
कुल जम्मा		१६२२५९१९२.९	१००१९५४५९.१५

दफा	भौचर नं. मिति र व्यहोरा	बेरुजू रकम
३	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन । • पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन । • स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो। • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • पालिका मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • सवारी साधन तथा मेशिनरी औजार भाडा २८१४३ वाट रु १०००५००। खर्च भएकोमा सबै रकम सवारी साधनको भाडामा खर्च गरेको तथा उक्त खर्च गर्दा आवश्यकता र औचित्यता नखुलाएको	

दफा	भौचर नं. मिति र ब्यहोरा	बेरुजू रकम
	• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो। • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य ज्याला भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू— जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न निर्माण कार्य गर्न गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन। • पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • पालिकाले वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन।	

<table>
<tr><th>दफा</th><th>भौचर नं. मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>

निजामती सेवा ऐन २०४९ को दफा ५ क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन।
सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा वजेट विनियोजन हुन सक्ने देखिएको
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको
सूचना अधिकारीको काम कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका २०७३ को दफा २५ मा सूचनाको माग सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको
सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको
सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को परिच्छेद ३ को दफा १२.५ मा एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकामा लगातार एक वर्षसम्म खाता निष्क्रिय भएमा लगत कट्टा गर्ने व्यवस्था रहेकोमा कार्यालयले लगत कट्टाको विवरण नराखेको साथै बैंक बाट निष्क्रिय खाताको विवरण माग गरी लगतको अद्यावधिक नगरेको जसवाट निष्क्रिय भएका लाभग्राहिलाई समेत भत्ता जाने जोखिम देखिएको
सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमनमुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको
सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेको रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको
सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को परिच्छेद ९ (घ) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको
सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको

</td><td></td></tr>
</table>

दफा	भौचर नं. मिति र ब्यहोरा	बेरुजू रकम
	• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको • आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन मासिक रुपमा र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको • विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको • वातावरण संरक्षण ऐन २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण १०० मि सम्मको पुल लिफ्ट सिँचाइ सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख नराखेको • स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको • निजामती सेवा ऐन २०४९ को दफा ७ (२) ख वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारीत नगरी तलव शिर्षकवाट रु १ करोड ६ लाख ६४ हजार खर्च गरेको पाइयो। खर्च लेखेको पाईयो जसले गर्दा भुक्तानी हुनुपर्ने भन्दा वढी ग्रेड भुक्तानी हुने अवस्था रहेको • स्थानीय सरकार सन्चालन ऐन तथा अन्य कानून वमोजिक स्थानीय तहले घर तथा जग्गा वहाल कर मात्र संकलन गर्ने उल्लेख भएकोमा यस कार्यलयले सवारी साधनमा तथा ढुवानीमा कट्टी गरेको कर रकम समेत स्थानीय संचितकोषमा आम्दानी वाँधेको • गाउँपालिका भित्र (वडा वाहेक) कुल स्वीकृत दरवन्दी ७२ रहेकोमा सवारी चालक तथा कार्यालय सहयोगी गरी कुल ५९ पदपुर्ति भइ दरवन्दीको तुलनामा १३ जना कम रहेको लोकसेवा आयोगवाट नयाँ ११ जना पदपुर्ति भएकोमा पनि करारमा ३३ जना कर्मचारी राखेको र हालसम्म पनि संगठन तथा व्यवस्थापन सर्वेक्षण नभएको • वडावाट विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वडागत वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर वैठक भत्ता भुक्तानी गरेको • प्रत्येक वडाले आफै वजेट वनाउने तथा आफै कार्यक्रम संसोधन गर्ने गरेको र पछी सभावाट अनुमोदन गर्ने गरेको कारण अत्याधिक साना र उत्पादनशिल क्षेत्रमा कम लगानी गर्ने अवस्था देखिएको	

दफा	भौचर नं. मिति र ब्यहोरा	बेरुजू रकम
	• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने उल्लेख छ र नक्सापास नगराइ भवन निर्माण गर्न नहुने उल्लेख भएकोमा नक्सापास भएको विवरण माग गरेकोमा पेश नगरेको । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
४	**अबण्डा बजेट तथा रकमान्तर** – स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष समपुरक कोष (लागत सहभागिता) तर्फका कार्यक्रमहरु भनि नेपाल सरकार समानीकरण अनुदान तर्फको रकमवाट रु ५ करोड छुट्याएकोमा कार्यपालिकाले रकमान्तर गरी पछि सभावाट अनुमोदन गराएको छ। यस पालिकाले कुल रु ८ करोड ३० लाख ८९ हजार विभिन्न कार्यक्रमवाट हटाइ कुल समपुरकको अबण्डा बजेट समेतवाट रु १२ करोड १ लाख ३० हजारका १०२ वटा कार्यक्रम तयार गरेको छ। बजेट अबण्डाको रुपमा राखी पछि रकमान्तर गरी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।	
५	**सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता ७६६ मृत्यु दर्ता २०२ वटा वसाइ सराइ ३३ अन्य ५९१० वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद बसाई सराई पञ्जीकरण दर्ता तथा सिफारिश पारिवारिक लगतको अभिलेख आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति कानून तथा मापदण्ड समेत वनाएको छैन। ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ।	
६	**अनुगमन तथा भ्रमण खर्चः** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु. ३४ लाख ८५ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य अनुगमन तथा भ्रमण प्रतिवेदन भ्रमण अभिलेख दुरीको विवरण सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ ।	
७	**योजना र कार्यान्वयन —** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा	

दफा	भौचर नं. मिति र ब्यहोरा	बेरुजू रकम

नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष भएका कामका योजनाहरु देहायअनुसार छन्:

क्र.सं.	विवरण	योजना संख्या	रकम
१	रु १ लाख भन्दा कमको योजना	८	२२५५१६
२	रु एक लाख एक देखि पाँच लाख सम्मका योजना	९४	२८४६३७१२
३	रु ५ लाख देखि १० लाख सम्मका योजना	२५	२००५००००
४	दश लाख एक देखि ५० लाख सम्मा योजना	१९	५५५२६६१५
५	५० लाख भन्दा माथिका योजनाहरु	३	९४४५४९५५
	जम्मा	१४९	१९८७२०७९८

८ **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नरहेको र यो बर्ष ८ मुद्दा दर्ता भएकोमा ३ वटा मात्र फछ्र्यौट भई ५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

९

चौमासिक पूँजीगत खर्च - आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

कुल वजेट	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)		
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसोचौमासिक
४८४७८८०००	३५९३४६१७७.५७	७३२२३४६५.३२	५०३२२४७७.४४	२३५८००२३४.८१
खर्च प्रतिशत	१००	२०.३७	१४	६५.६१

१० **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	वजेटको तुलनामा खर्च प्रतिशत	कुल खर्च मध्ये खर्च प्रतिशत
आर्थिक विकास	४६५५६०००	२३५३७८०५.४९	५०.५६	६.५५
सामाजिक विकास	२१६५५९०००	१८२८८८४४३.३९	८४.४५	५०.८९
पूर्वाधार विकास	१४१२३५१३०.१०	९२४६२९२७.६६	६५.४७	२५.७३
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१९७३०००	११६३२५७.६६	५८.९६	०.३२
कार्यालय सञ्चालन तथा प्रशासनिक	७८४६४८६९.९०	५९२९३७४३.३७	७५.५६	१६.५०
	४८४७८८०००	३५९३४६१७७.५७	७४.१२	१००

उल्लिखित विवरण अनुसार पुर्वाधार विकासमा कुल खर्चको २५।७३ % रहेको छ भने सामाजिक विकासमा ५०।८९% खर्च भएको देखिएको छ। पूँजीगत खर्चमा वृद्धि गरी लक्षित उद्धेश्य हासिल गर्नुपर्दछ।

दफा	भौचर नं. मिति र ब्यहोरा	बेरुजू रकम
११	**कार्यक्रमगत प्रगतिः** तोकिएको लक्ष्य पुरा गरी शत लक्षित प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ । पूजीगत कार्यक्रम तर्फ कम प्रगति भएका केही उदाहरण देहायअनुसार छन्ः रु हजारमा	

कार्यक्रम/आयोजना/कियाकलापको नाम	विनियोजन	खर्च	खर्च (%)
आग्रीडाँडा दलभन्ज्याङ रानिस कौदि पौवा गाउँ कुवापानी वतासे बाटो स्तर उन्नती समपुरक सघिय सरकार	१,३९,०६	०	०
कुल बेसी हिउदे तरकारी सीचाइ ताङ्लिचोक र भुम्लीचोक	१०,००	०	०
कृषि विज्ञान अनसन्धान केन्द अनुदान	५,००	०	०
गहुवारी खानेपानी मर्कैसिग	२०,००	०	०
गाउँपालिका गैरीगाउँ हुदैं दलभन्ज्याङ्ग मोटर बाटो गा पा कुलछाप डाडाँ गाउँ स्वाराँ सडक	३०,००	०	०
घउसुरखोला हिउदे सिचाइ योजना भुम्लीचोक	५,००	०	०
चुर्लीङ्ग टार लिफ्टिङ्ग खानेपानी योजना घ्याल्चोक ७	१०,००	०	०
दलभन्ज्याङ तोलक सानो दर्वुङ मोटर बाटो	२२,००	०	०
प्याराग्लाइडीङ्ग उडान निर्माण थालडाडा	४,००	०	०
भुम्लीचोक भैरवि क्षेत्र पर्यटन विकास	३७,७२	०	०
भुम्लीचोक भैरवि क्षेत्र पर्यटन विकास	१७,२९	०	०
भुम्लीचोक भैरवि क्षेत्र पर्यटन विकास	५८,८८	०	०
भैरवि मन्दिर तथा कम्पाउड निर्माण	१०,००	०	०
वेनिघाट रोराङ सिउरेनिटार तोरिस्वारा वेनिगाउँ रामपुर सानो दर्वुङ दल भन्ज्याङ घ्यापिङगाउँ वतासे मोटर बाटो गावेल सडक स्तर उन्नती पदेश समपुरक	७६,७४	०	०
वेनिघाट रोड सिउरेनिटार तोरी स्वारा वेनिगाउँ रामपुर सानो दर्वुङ दल भन्ज्याङ घ्यापिङगाउँ वतासे मोटरवाटो गावेल सडक स्तर उन्नती पदेश समपुरक	२३,२५	०	०
सडक वोड सँग थाप उपभेक्ता भुक्तानी	४,९७	०	०
सडक वोड सँगको साझेदारीमा सडक स्तरउन्नती	५,००	०	०
गहुवारी खानेपानी मर्कैसिंग	५,५०	०	०
प्राथमिक स्वास्थ्य केन्द्रको लागि जग्गा खरिद	८,००	०	०
मर्कैसिङ्ग सडक मर्मत योजना	५,००	०	०
युवा तथा खेलकुद विकास योजना	४,००	०	०
खेलकुद मैदान निर्माण Matching Fund	५,००	०	०
हुलाक भवन निर्माण	४,००	०	०
विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान	९,७०	०	०

दफा	भौचर नं. मिति र ब्यहोरा	बेरुजू रकम
१२	**खर्च शिर्षक अनुसार वजेट नवनाएकोः** देहायअनुसार वजेट तयार गरेकोमा विविधमा मात्र देहायअनुसार खर्च शिर्षक राखी खर्च गरेको छ। विविध खर्चमा खाजा तथा खानाको रकम मात्र राख्न मिल्ने गरी एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ मा उल्लेख गरेकोमा उक्त व्याख्याको विपरीत खर्च लेख्नु उचित देखिएन। यसमा सुधार गर्नुपर्दछ। विविधमा मात्र शिर्षक फरक पारी वनाएको कार्यक्रम देहायअनुसार छः रु हजारमा	

कार्यक्रम/आयोजना/क्रयाकलापको नाम	खर्च शीर्षक	वनियोजन	खर्च
व वध खर्च	२२७११	१०००	९८१

दफा	भौचर नं. मिति र ब्यहोरा	बेरुजू रकम

व वध खर्च	२२७११	१४७२	१४६२
वडा नं १ को वजय भवानी दिवा खाजा कार्यक्रम (वनियाोजित रकम मलान)	२२७११	३६	०
वडा नं १ को श्री जन जागृती प्रा व दिवा खाजा कार्यक्रम (वनियाोजित रकम मलान)	२२७११	५०	५०
गण्डकी गाउँपा लका शक्षाा शाखा व त्तय समानिकरण अनुदान	२२७११	३८००	३३२३
गण्डकी गाउँपा लका स्वास्थ्य शाखा व त्तय समानिकरण अनुदान	२२७११	२५००	१७१९
गण्डकी गाउँपा लका कृ ष शाखा व त्तय समानिकरण अनुदान	२२७११	५०००	३५२७

१३ **कृषि अनुदानः** सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ। साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । यस वर्ष संचालित केही कार्यक्रमहरु देहायअनुसार छन्

भौ नं		
३८६	वडाका एकल महिला समुहलाइ लगानी रकमको ५० प्रतिशत अनुदान	४०००००
३८५	वडाका अपांग समुहलाइ लगानी रकमको ७० प्रतिशत अनुदान	८०००००

यसमा अधिकांशले वाखापालन गरेको भनि विल पेश गरेको देखिन्छ। सवै समुहले विधान अर्गानिक वाखापालन फर्मवाट वोयर जात तथा पारिजातको वाखा खरिद गरेको देखिन्छ। उक्त वाखा खरिद भएको एकमुष्ट विल पेश भएको तर उक्त वाखाको तौल उल्लेख नगरी संख्या र दरमात्र उल्लेख गरेको देखिन्छ।

कार्यालयले अनुदान दिएका कुनै पनि समुहको वीमा गराएको वा गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छैन। सङ्घीय सरकारले सवै कृषकलाइ वीमा गराउने र सो को धेरै हिस्सा रकम नै सरकारले व्यहोर्ने नीति लिएकोमा यस स्थानीय तह आफैले अनुदान दिएका कार्यमा समेत वीमालाइ अनिवार्य गराएको छैन। अनुदान दिने रकममा अनिवार्य वीमा गर्नुपर्ने गरी संझौता गरी सो को कार्यान्वयन गर्नुपर्दछ ।

- साथै भौ नं ८३ वाट इनार निर्माणको लागि वसन्त ऋतु पोल्ट्री फर्म प्रालिलाइ प्रतिस्पर्धा वेगर कार्यपालिकावाट सोझै निर्णय गरी रु ३ लाख दिएको देखिन्छ।
- भौ नं २६४ वाट वडा नं ६ ले ह्चालिङ मेशिन र जेनेरेटर खरिद गरेको भनि मामा भान्जा पोल्ट्री फार्मलाइ रु ३ लाख दिएको मा छनोटको मापदण्ड छैन।

भौ नं ४०५ वाट नमुना वाखापालन फर्मलाइ रु २ लाख भुक्तानी दिएको छ। जसमा ५ कृषक समुहलाइ १ वटाको दरले कुल ५ वटा वोयर वोका अनुदान दिएको तर शत प्रतिशत अनुदान दिएको छ। अन्य अनुदानका यही कार्यक्रममा ५० प्रतिशत अनुदान भएकोमा शत प्रतिशत अनुदान दिएकोले उक्त रकम असुल गर्नुपर्ने

बेरुजू रकम: १०००००

१४ **गत वर्षको वडा वैठक भत्ता भुक्तानीः** साविक स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा संवन्धी ऐन, २०७४ मा वडा भत्ताको व्यवस्था नभएको अवस्थामा गत वर्षको वडा नं ८ को वडा वैठक भत्ता भनि यस वर्ष भौ नं ६ मिति २०७६।६।१२ वाट रु १९८०००। भुक्तानी गरेको छ।ऐन अनुसार भत्ता वडा वैठक भत्ता दिन नमिल्नेमा गत वर्षको रकम यस वर्ष भुक्तानी भएकोले उक्त रकममा करकट्टो पछिको भुक्तानी रकम असुल गर्नुपर्ने

बेरुजू रकम: १६८३००

दफा	भौचर नं. मिति र ब्यहोरा	बेरुजू रकम
१५	**सक्कल विल नभएकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्चका प्रमाण सहितको लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयले आल्मुनियम पार्टिसनको काम गरेको भनि भौ नं २५ वाट प्रिन्सीपा स्टील एण्ड आल्मुनियम फेब्रिकेटलाइ रु ३१६९२०। भुक्तानी दिएकोमा सक्कल कर विजक नरहेकोले उक्त फर्मको मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु	३६४६०
१६	**परामर्श सेवा खरिदः** पालिकाको कार्यालयले यस बर्ष तपिसलका डि.पि.आर कार्यका लागि विभन्न परामर्श दातासँग सम्झौता गरी देहायअनुसार परामर्श खर्च लेखेको छ।	

भौ नं	कामको विवरण	परामर्श दाता	डिपिआर अनुसारको लागत अनुमान	भुक्तानी रकम
४५	सिउरेनीटार वेनीगाउँ रामपुर दलभन्ज्याङ रोडको डिपीआर	पि ए सि टी कन्सल्ट प्रालि	७७००००००	१०६०१६६
४९	आंग्रीडाडा दलभन्ज्याङ रानीश्वारा वतासे सडकको डिपीआर	टोटल इन्जिनियरीङ रिसोर्स म्यानेजमेन्ट सर्भिसेस प्रालि		९७४३४२
६७	सडकको डिपीआर	अक्षता इन्जिनयरीङ कन्सल्टेन्सी प्रालि		३४९२८३
२३९	रानीस्वारा कौडी पौवा कुवापानी सडकको डिपिआर	इसेन्सियल इन्जिनयरीङ मेनेजमेन्ट सर्भिस प्रालि	४५५००००००	७४५८००
२३६	वडा जोडने सडकको डिपिआर	एन आर एन हाइड्रो स्ट्रक्चर प्रालि		१०८४८००
	सडकको डिपिआर वापतको भुक्तानीः			**४२१४३९१**
७०	भैरवीचौर पार्क र भैरवी मन्दिरको डिपीआर	राइजिङ इन्जिनियरीङ कन्सल्टेन्ट प्रालि	१५००००००	९०१६५२
६८	महादेव डाडा तथा बुद्धपार्कको डिपीआर	युनिक डिजाइन एण्ड डेभलपमेन्ट इन्जिनयरीङ कन्सल्टेन्सी प्रालि	८००००००००	५९९३२९
६६	मुन्थला पार्कको डिपीआर	आर ए एस फाउण्डेशन प्रालि	१००००००००	३४९७३५
	सडक वाहेक अन्य कामको डिपिआरको भुक्तानी			**१८५०७१६**
	जम्मा भुक्तानीः			**६०६५१०७**

यस सम्बन्धमा देखिएको व्यहोरा यस प्रकार छन ।

दफा	भौचर नं. मिति र ब्यहोरा	बेरुजू रकम
१७	**परामर्श सेवाको लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स गत बर्षको नर्म्स सोही प्रकृतिको कार्य गर्ने अन्य निकायले तयार पारेको नर्म्स, आदि कुरा लाई आधार मानि लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले सडक वाहेक अन्य कामको डिपिआर वनाउदा उल्लेखित आधार वेगर लागत अनुमान तयार गरको कारण लागत अनुमान यथार्थ परक छैन।	
१७.१	**सोझै खरिद कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ र ७० मा बीस लाख रुपैया भन्दा कम रकमको परामर्श सेवा मौजुदा सुचीमा रहेको परामर्शदाताबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने र वीस लाख रुपैया भन्दा बढीको लागत अनुमान भएका परामर्श सेवा खरिद गर्दा प्रतिस्पर्धा गराई आसय पत्र माग गर्नु पर्ने उल्लेख छ। कार्यालयले पालिका भित्रका उपरोक्त ५ सडक योजनाको डि.पि.आर कार्यको लागि २० लाख भित्र पारी लागत अनुमान तयार गरी सोझै खरिद गरी रु ४२१४३९१। भुक्तानी दिएको छ। पालिका भित्रका योजनाको डि.पि.आर कार्यको लागि एउटै प्याकेज बनाई प्रतिस्पर्धा गराउन सक्ने अवस्था रहेतापनि पटक पटको सोझै खरिद कार्य गरेको, पालिकाले गरेको परामर्श सेवाको लागत अनुमान तयार गर्दा माथि उल्लेखित आधार नलिएको र प्रतिस्पर्धा सिमित हुने गरी खरिद कार्य गरेकोले उक्त कार्यको लागि भएको भुक्तानी रकम नियमसंगत देखिएन। यसमा सुधार गर्नुपर्दछ।	
१७.२	**वीमाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ बमोजिम सम्झौता गर्ने परामर्श दाताले सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निसर्त भुक्तानी हुने पेशागत दायित्व	

दफा	भौचर नं. मिति र ब्यहोरा	बेरुजू रकम
	विमा (प्रोफेशनल ल्याविलिटी इन्सोरेन्स) पेश गर्नु पर्ने व्यवस्था नियमावलीको नियम ८०(७) मा उल्लेख भएकोमा कार्यालयले परामर्शदाताको पेशागत दायित्व विमा पेश गर्न लगाएको छैन । खरिद कानुनको पालना गर्नु पर्दछ।	
१७.३	पालिकाको कार्यालयमा प्राविधिक कार्यमा संलग्न थुप्रै जनशक्ति मौजुदा रहेकोमा सो जनशक्तिको उपयोग नगरी बाहय परामर्शदाताबाट खरिद सम्झौता गरी खर्च गरेको कारण सेवा खरिद कार्यमा पालिका लाई रु ६०६५१०७। थप व्ययभार परेको छ। आफनो जनशक्तिबाट हुन सक्ने कार्यमा बाहय जनशक्ति प्रयोग गरिनु हुदैन ।	
१८	**डीपीआर कार्यान्वयन** पालिकाको कार्यलयले यस बर्ष योजनागत खर्च शिर्षकमा एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या अनुसार पुजीगत खर्च शिर्षकमा राखी वजेट विनियोजन गर्नुपर्नेमा चालुमा राखी कार्यक्रम तयार गरेको छ भने चालुमा राखेकोमा समेत कुन कार्यक्रम हो नखुलाइ एकमुष्ट रुपमा सेवा तथा परामर्श शिर्षकमा वजेट राखेको छ। परामर्श सेवाको लागि योजनागत रुपमानै बजेट पारित नगरी एकमुष्ट परामर्श खर्च गर्ने कार्यमा नियन्त्रण गरिनुपर्दछ। साथै पुर्व तयारी र पर्याप्त बजेटको सुनिश्चितता वेगर नै बजेट खर्च गर्ने उद्देश्य मात्र राखी परामर्श सेवामा खर्च गरिनु औचित्य पुर्ण देखिदैन । यस वर्ष तत्काल कार्य सुचारु नहुने र ठुलो रकम खर्च गर्नुपर्ने अवस्थाको कामको लागि समेत डिपिआर गरी देहायअनुसार भुक्तानी गरेको छ जसको लागत अनुमान १० करोड ५० लाख रहेको देखिन्छ। यसरी काम सुचारु नहुने योजनाको लागि मात्र डिपिआरको रकम खर्च गर्नु औचित्यपूर्ण देखिएन ।	

कामको विवरण	परामर्श दाता	डिपिआर अनुसार लागत अनुमान	भुक्तानी रकम
भैरवीचौर पार्क र भैरवी मन्दिरको डिपीआर	राइजिङ इन्जिनियरीङ कन्सल्टेन्ट प्रालि	१५००००००	९०१६५२
महादेव डाडा तथा वुद्धपार्कको डिपीआर	युनिक डिजाइन एण्ड डेभलपमेन्ट इन्जिनयरीङ कन्सल्टेन्सी प्रालि	८००००००००	५९९३२९
मुन्थला पार्कको डिपीआर	आर ए एस फाउण्डेशन प्रालि	१००००००००	३४९७३५
	जम्मा	१०५००००००	**१८५०७१६**

दफा	भौचर नं. मिति र ब्यहोरा	बेरुजू रकम
१९	**समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई शशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट देहायका विद्यालयलाइ शिक्षक दरवन्दी पर्याप्त नभएको भनि तलवको लागि रकम निकासा गरेको पाईयो। आवश्यक भए दरवन्दी स्वीकृत गर्ने तर्फ पहल गर्नुपर्नेमा दरवन्दीभित्र नपरेका शिक्षकहरुको लागि तलव भत्ता दिनु अनियमित देखिएकोमा उक्त व्यहोरालाइ नगरसभाले नियमित गरी प्रतिक्रियासाथ प्रमाण पेश गरेको छ। ऐनमा भएको व्यवस्थाको विपरीत खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।	

भौ नं	विवरण	रकम
३८	विभिन्न ९ विद्यालयका निजी श्रोतका २२ शिक्षकलाइ निकासा	१४७७०००
५३	विभिन्न ६ विद्यालयका निजी श्रोतका शिक्षकलाइ निकासा	१३६६०००
१०७	विभिन्न १५ विद्यालयका निजी श्रोतका शिक्षकलाइ निकासा	२२२५५००

दफा	भौचर नं. मिति र ब्यहोरा	बेरुजू रकम

३३९	विभिन्न विद्यालयका निजी श्रोतका शिक्षकलाइ निकासा	३९२५३८०
	जम्मा	८९९३८८०

२० **माग भन्दा वढी भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्चको प्रमाण सहितको लेखा राख्नुपर्ने उल्लेख छ। कार्यालयले भद्रकाली माविलाइ निजी श्रोतवाट १ शिक्षक राख्न वडा नं ६ को कार्यक्रम अन्तर्गत भौ नं ३८ वाट प्रथम चौमासिकको लागि रु १९३०००। भुक्तानी गरेको छ। निजि श्रोतमा शिक्षक राखेकोमा संझौता अनुसार मासीक रु ३००००। को दरले दिने उल्लेख भएको जसअनुसार चौमासीक रुपमा रु १५००००। भुक्तानी गर्नुपर्ने, विद्यालयले रु ३५०००। को दरले माग गरेको, जसअनुसार प्रथम चौमासीकमा रु १७५०००। भुक्तानी गर्नुपर्ने अवस्थामा संझौता तथा माग गरेभन्दा समेत वढी भुक्तानी गरेको छ। संझौता भन्दा वढी भुक्तानी गरेको रकम रु ४३०००। असुल गर्नुपर्ने रु — ४३०००

२१ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएकोमा उक्त व्यहोरालाइ गाउँसभाले नियमित गरी प्रतिक्रियासाथ प्रमाण पेश गरेको छ। ऐनमा भएको व्यवस्थाको विपरीत प्रतिस्पर्धा नगराई सोझै खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

भौ नं	विवरण	रकम
२५	प्रिन्सीपा स्टील एण्ड आल्मुनियम फेब्रिकेटलाइ आल्मुनियम पार्टेशनको कामको भुक्तानी	३१६९२०
२४०	श्री लक्ष्मी ग्रिल उद्योगलाइ आल्मुनियम फर्निचर खरिद गरेवापत भुक्तानी	३४१८४६
२३९	विकास स्टील एण्ड आल्मुनियम वर्कसपलाइ आल्मुनियम ढोका, झ्याल तथा पार्टिसनको कामको भुक्तानी	४७५१९८
		११३३९६४

२२ **शिर्षक फरक पारी खर्चः** एकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले देहायअनुसार खर्च शिर्षक फरक पारी खर्च गरेको कारण देहायअनुसार फरक परेको छ । शिर्षक फरक पारी खर्च गर्नु वित्तीय अनुसासनको उल्लंघन गर्नु हो अतः उक्त रकम अनियमित देखिएकोमा उक्त व्यहोरालाइ नगरसभाले नियमित गरी प्रतिक्रियासाथ प्रमाण पेश गरेको छ। यस्तो प्रकृतिको खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

क्र स	खर्चको व्यहोरा	खर्च गर्नुपर्ने शिर्षकको नाम	खर्च गरेको शिर्षकको नाम	खर्च रकम
१	विजय भवानी माविलाइ कर्मचारी पारिश्रमिक शिर्षकवाट अनुदान (भौ नं ३३९)	कार्यक्रम खर्च	पारीश्रमिक कर्मचारी	४६३८८०

२३ **वितरणको भर्पाइ नभएकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा खर्चको प्रमाण सहितको लेखा राख्नुपर्ने उल्लेख छ। कार्यालयले सिप विकास तालिम कार्यक्रम अन्तर्गत वडा स्तरीय महिला सन्जाल गोरखालाइ रु २८००००। भुक्तानी गरेको छ। उक्त रकम मध्ये रु ८००००। को ६ थान सिलाइ कटाइ मेशिन खरिद गरेकोमा वितरण गरेको भर्पाइ पेश भएको छैन। उक्त सामान वितरणको भर्पाइ पेश गर्नुपर्ने रु — ८००००

दफा	भौचर नं. मिति र व्यहोरा	बेरुजू रकम

२४ **कोरोना अवधिको छात्रावास रकम भुक्तानीः** विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोनाको कारण नेपाल सरकारले चैत्र ९ गतेदेखि देशव्यापी लकडाउनमा गएको कारण शिक्षण संस्था समेत सम्पुर्ण कार्यक्रियाकलाप वन्द भएकोमा कार्यालयले तोमनडाडा आधारभुत विद्यालयलाइ शिक्षण र छात्रावास व्यवस्थापन गर्नको लागि भौ नं ३५५ वाट रु ६३०६१५। भुक्तानी गरेको छ।विद्यालयले कक्षा ६ का २१ चेपाङ समुदायका वालवालिकालाइ छात्रावासमा राखी शिक्षण गर्दै आएको जनाएको छ। खर्चका विल परिक्षण गर्दा २१ जना विद्यार्थीको लागि छात्रावासको लागि मासिक वा वार्षिक कति रकम लाग्ने हो सो को अनुमान नगरी सोझै विल पेश गरेको आधारमा रकम भुक्तानी गरेको छ भने कोरोना महामारीको समयका देहायअनुसारका विल पेश भएको देखिन्छ। यस सम्वन्धमा कार्यालयले छानविन गरी कोरोना महामारीको अवस्थामा खाजा तथा खाना खुवाएको नखुवाएको एकिन गर्ने र कोरोना महामारीको अवस्थामा नै खर्च लेखेको भए उक्त रकम असुल गर्नुपर्ने रु ३५७२८६

विलको मिति	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम
२०७७।३।१४	के एन सप्लायर्स (खाद्दान्न सामग्री)	५७९६९
२०७७।३।७	के एन सप्लायर्स (खाद्दान्न सामग्री)	१६३९४३
२०७७।३।१४	के एन सप्लायर्स (खाद्दान्न सामग्री)	१२४८१
२०७७।३।१४	के एन सप्लायर्स (खाद्दान्न सामग्री)	१९७२५
२०७७।१।२३	ज्ञानु सप्लायर्स (भानु ग्याँस)	५७७५०
२०७७।३।१७	समर सिरक	२६०१८
२०७७।२।५	लम्साल व्रदर्श स्टेशनरी एण्ड जनरल स्टोर्स	१९४००
	जम्माः	३५७२८६

२५ **गरिवसँग विश्वेश्वर कार्यक्रमः**

कार्यक्रम भन्दा तलवमा वढी खर्चः कार्यक्रम सन्चालन गर्दा प्रशासनिक खर्च कम गरी लक्षित कार्यक्रम सन्चालन गरी उक्त कार्यक्रममा वढी खर्च गर्नुपर्दछ। तर यस कार्यक्रममा कुल रु ६९८५००। खर्च भएकोमा तलवमा मात्र रु ४१००००। खर्च भएको छ भने कुखुराको दाना, चल्ला, आदिमा रु २५००००। खर्च भएको देखिन्छ। कुल वजेटको तुलनमा कार्यक्रम सन्चालनमा कुल खर्चको ३५।७९ प्रतिशत मात्र खर्च गर्ने गरी संघीय सरकारले वजेट विनियोजन गर्नु उचित देखिएन।

२६ **मुल्य अभिवृद्धि कर कट्टी नगरेकोः** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (ग) बमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आशिंक स्वामित्व भएको संघसंस्थाले ठेक्का वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा आपूर्ति वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ५० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस आ.व.मा देहायको भुक्तानीमा ५० प्रतिशत राजस्व शिर्षकमा दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिएकोले उक्त रकम असुल हुनुपर्ने देखिएको रु २३८२२६

	विक्रेता फर्मको नाम	खरिद सामाग्री	कुल खरिद रकम	मु अ कर	५० प्रतिशतले हुने मु अ कर
६।०७६।७।६	टुडेज कम्प्युटर सिस्टम	मेशिनरी सामान	१९१०८३	२१९८३	१०९९२
५६।०७७।२।८	टुडेज कम्प्युटर सिस्टम	मेशिनरी सामान	४४७३३६	५१६६७	२५८३४
५।०७६।६।१५	पवित्रा फर्निचर	फर्निचर सामान	१५६५०५	१८००५	९००३
३४।०७६।११।१९	पवित्रा फर्निचर	फर्निचर सामान	४३३०६८	३९४५८	१९७३४

दफा	भौचर नं. मिति र ब्यहोरा	बेरुजू रकम

३६।०७६।१२।०२	कुशुम शिफ्ट हाउस एण्ड फर्निचर्स	फर्निचर सामान	४९८८६७	५७३९२	२८६९६
१६२।०७७।३।२६	कुशुम शिफ्ट हाउस एण्ड फर्निचर्स	फर्निचर सामान	३५१७१३	४०४६३	२०२३२
७७।०७७।३।८	असल छिमेकि नेपाल	भवन निर्माण कार्य	६५१८६९	७४९९४	३७४९७
११५।०७७।३।२३	पृथ्वी निर्माण सेवा	सडक निर्माण कार्य	४१५१८४	४७७६५	२३८८३
११६।०७७।३।२३	हिमाल देवि निर्माण सेवा	सडक निर्माण कार्य	१८६६८९	२१४७७	१०७३९
१५१।०७७।३।२५	महादेव भैरवी कन्सट्रक्सन	सडक निर्माण कार्य	१९८२९०	२२८१२	११४०६
	चालु तर्फः				
६७	अक्षता इन्जिनयरीङ कन्सल्टेन्सी प्रालि	डि पि आर	३४९२८३	४०१८३	२००९२
६६	आर ए एस फाउण्डेशन प्रालि	डि पि आर	३४९७३५	४०२३५	२०११८
		जम्मा	४२२९६२२	४७६४३४	२३८२२६

२७ **सोझै खरिदः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) अनुसार खरिद प्रतिस्पर्धा सिमित हुने गरि टुक्रा टुक्रा पारी खरिद गर्न मिल्दैन।पालिकाले तपसिल बमोजिम रु ४८१४४१३। को सोझै खरिद गरेको मध्ये रु १६२४५०८।मुल्यको मेशिनरी औजार,रु २३४७७४४। मुल्यको फर्निचर्स सामान र रु ८४२१३१। मुल्यको निर्माण कार्य ५ लाख भित्रको लागत अनुमान बनाई टुक्रा टुक्रा पारी सोझै खरिद गरेको छ। पालिकाले खरिद कार्य गर्दा बार्षिक खरिद योजना बनाई खरिद विधि तय गर्नु पर्ने र रु ५ लाख भन्दा बढीको एउटै प्रकृतिको मलसामानको एउदै प्याकेज बनाई शिलबन्दी दरभाउ पत्र वा बोलपत्रको माध्यमबाट प्रतिस्पर्धात्मक तबरबाट खरिद गर्नुपर्नेमा सोझै विधिबाट ५ लाख नघटाई पटक पटक खरिद कार्य गरेको नियम सम्मत नदेखिएकोमा उक्त व्यहोरालाइ गाउँसभाले नियमित गरी प्रतिक्रियासाथ प्रमाण पेश गरेको छ। ऐनमा भएको व्यवस्थाको विपरीत प्रतिस्पर्धा नगराई सोझै खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

गो भौ नं,मिति	विक्रेताःफर्मको नाम	माल सामानको प्रकृति	खरिद रकम
४।०७६।६।१४	युनिक कम्प्युटर सेन्टर	मेशिनरी समान	४५८०८०
६।०७६।७।६	टुडेज कम्प्युटर सिस्टम	मेशिनरी समान	१९१०८३
३१।०७६।११।१९	सान ट्रडर्स	मेशिनरी समान	२७७०७६
३२।०७६।११।१९	सान ट्रडर्स	मेशिनरी समान	७०५१२
५६।०७७।२।८	टुडेज कम्प्युटर सिस्टम	मेशिनरी सामान	४४७३३६
३४।०७६।११।१९	पवित्रा फर्निचर	फर्निचर सामान	४३३०६८
३६।०७६।१२।०२	कुशुम शिफ्ट हाउस एण्ड फर्निचर्स	फर्निचर सामान	४९८८६७
१६२।०७७।३।२६	कुशुम शिफ्ट हाउस एण्ड फर्निचर्स	फर्निचर सामान	३५१७१३
जम्मा			२७२७७३५

२८ **विभिन्न निर्माण कार्यमा बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विजको भुक्तानी गर्दा करारको शर्त बमोजिम प्राविधिक जापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। यस पालिकाबाट खरिद सम्झौता भै निर्माण कार्य भएका र निर्माण सम्पन्न भएका योजनाका उपभोक्ता समिति निर्माण सेवा र फर्महरु लाई रनिङ्ग विल तथा अन्तिम विलको भुक्तानी गर्दा केही आइटम हरुको दररेट फरक पारी भुक्तानी दिएको मेशिनको दर राखी भुक्तानी गर्नुपर्नेमा मान्छेबाट कार्य गराएको देखाई खर्च लेखेको वास्तविक कार्य सम्पादन भएको भन्दा बढी हुने गरी भुक्तानी दिएको जस्ता

दफा	भौचर नं. मिति र ब्यहोरा	बेरुजू रकम
	अवस्थाहरु देखिन आयो । सम्झौतको शर्त ,दर विश्लेषणको आधार प्राविधिक मुल्यांकन तथा नापी किताब मा उल्लेखित परिमाण भन्दा बढी हुने गरी भुक्तानी दिएको व्यहोरा यस प्रकार छनः	
२८.१	७।०७६।७।६ छोटेटार रामपुर डाँडागाउँ सिंथोक सडक योजनाको सडक खन्ने तथा ढुङ्गा सोलिङ्ग गर्ने कार्यको रु ६०७९००। मुल्यांकन मध्ये उपभोक्ता समिति लाई रु ५०००००। भुक्तानी भएको छ। निर्माण कार्य भएको उक्त योजनाको मेशिनबाट सडक खन्ने कार्य भएकोमा ३३५ मिटर लम्बाई मा १३४ घ.मी नरम माटो खन्ने कार्यको लागि दर विश्लेषणको दर अनुसार प्रति घ.मी रु ६०.७९ का दरले खर्च लेख्नु पर्नेमा मान्छे बाट कार्य गराएको प्रति घ.मी रु ३५०। दर राखि खर्च लेख्दा प्रति घ.मी २८९.२१ फरक परेको ले १३४ घ.मी नरम माटो काट्ने कार्यमा उपभोक्ता समितिको १७.७५ प्रतिशत अंश घटाई बढी खर्च लेखेको रु ३१८७५। असुल हुनु पर्ने रु	३१८७५
२८.२	६१।०७७।२।२० गिरि चौतारा आमडाँडा याङ्गदी बतासे भञ्याङ्ग सडक निर्माण कार्यको मुल्यांकन रु १६२५१०९।भएको मध्ये उपभोक्ता समिति लाई रु १३०००००।भुक्तानी भएको छ।सडक निर्माण कार्यमा मेशिन प्रयोग भएकोमा ४५० घामी कडा माटो काट्ने कार्य को लागि दर विश्लेषण अनुसार प्रति घामी रु ६०.८७ घामी को दरले खर्च लेख्नु पर्नेमा रु ४६२ का दरले खर्च लेख्दा प्रति घामी रु ४०१.१३ फरक पर्न गएको छ । मेशिन बाट कडा माटो खन्ने कार्यको लागि दर विश्लेषण बाट थय भएको दर भन्दा बढी दर राखी ४५० घामी को खर्च लेख्दा रु १८०५०९। बढी भुक्तानी भएको रकम असुल हुनु पर्ने रु	१८०५०९
२८.३	१३२।०७७।३।२४ बालकी हुदै आपचौर मोटर बाटो निरन्तरता भुम्लीचौर सडक खन्ने कार्यको रु ११९४१६४। मुल्याकंन भै पालिकाले उपभोक्ता समिति लाई रु ८४८२१ भुक्तानी दिएको छ। उक्त सडक निर्माण कार्यका लागि मेशिन प्रयोग गरी ढुङ्गा मिश्रित माटो ४८१६.६६ घ.मी नरम चट्टान ५५७.९५ घ.मी र कडा चट्टान ४२५.३४ घ.मी काट्ने कार्य भएको Earth work calculation sheet बाट देखिन्छ । मेशिन प्रयोग गरी सडक खन्ने कार्यको दर विश्लेषण गर्दा ब्रेकर लगाई कडा चट्टान काटने कार्यको प्रति घ.मी रु १२३५ र ब्रेकर नलगाई एक्साभेटर को बकेट द्धारा कडा चट्टान फोर्ने कार्य प्रति घ.मी २८९.१७ हुन आउने देखिन्छ । यस निर्माण कार्यको विल अफक्वान्टिटीको कार्य विवरण खण्डमा कडा चट्टान काट्न ब्रेकर प्रयोग गर्ने उल्लेख नभएको र ब्रेकर लगाई कडा चट्टान काटेको प्रमाण स्रेस्ताबाट समेत नदेखिएकोले ब्रेकरको दर राखी कडा चट्टान काटेको खर्च लेख्न मिल्दैन । अत कार्य विवरण र फाँटवारी अनुसार ४२५.३४ घ.मी कडा चट्टान फोर्ने एक्साफेटर को बकेट प्रयोग को प्रति घ.मी दर रु २८९.१७ हुने रु १२२९९६। खर्च लाग्नेमा ब्रेकरको प्रति घ.मी दर रु १२३५ ले रु ५२५२९५। खर्च लेखेकोले बढी खर्च लेखेको रु ४०२२९९। असुल हुनुपर्ने रु	४०२२९९
२९	**उपभोक्ता समिति मार्फत सामान खरिदः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा सार्वजनिक निर्माण कार्य मात्र उपभोक्ता समिति मार्फत गराउन सक्ने उल्लेख छ।भौ नं २०८।०७७।३।३१ पालिकाले कोइराले बाट अधिकारी गाउँ, गैरि गाउँ जाने खाने पानी योजनाको लागि विभिन्न साइजको रु ८०७४४५। मुल्यको एच डी.पि.ई पाइप खरिद कार्यको लागि उपभोक्ता समिति गठन गरी खरिद गरेको छ। उपभोक्ता समिति मार्फत खरिद सम्झौता गर्दा उपभोक्ताको श्रमदानको अंश समेत नव्यहोरेको र शत प्रतिशत खरिदको कार्य उपभोक्ता समिति मार्फत गराएको सार्वजनिक खरिद नियमावली ०६४ को नियम ९७ विपरित देखिएकोमा उक्त व्यहोरालाइ गाउँसभाले नियमित गरी प्रतिक्रियासाथ प्रमाण पेश गरेको छ। ऐनमा भएको व्यवस्थाको विपरीत खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।	

दफा	भौचर नं. मिति र ब्यहोरा	बेरुजू रकम
३०	**प्रदेश समपुरक कोष तर्फको आ.व. ०७५।७६ को नमिल्ने रकम भुक्तानी दिएकोः** प्रदेश समझेदारी सडक सम्बन्धी कार्यविधि २०७५ को परिच्छेद १ को दफा ६ मा आयोजना कार्यन्वयन सम्बन्धी व्यवस्थाको बुदा २ (क) मा सडक निर्माणको कुल सम्झौता रकम मध्ये ७० प्रतिशत प्रदेश पुर्वाधार कार्यालय र ३० प्रतिशत स्थानिय निकायले व्यहोर्ने र मुल्यांकन गरिएको विलमा संरचना नर्माणको कार्यको अंश कुल मुल्यांकनको ५० प्रतिशत अनिवार्य हुनु पर्ने तथा ५० प्रतिशत संरचना निर्माण को कार्य नभएमा जति प्रतिशत संरचना निर्माणको कार्य घटी भएको छ, त्यति नै प्रतिशत घटाई प्रदेश पुर्वाधार कार्यालयले भुक्तानी दिने उल्लेख छ। कार्यविधिको सोही व्यवस्था अनुसार प्रदेश पुर्वाधार कार्यालय लमजुङ्ग र यस पालिका वीच प्रदेश साझेदारी सडक अन्तर्गत आ.व ०७५।७६ मा तोलड वेनिगाउँ सिउरेनीटार सडक रु ४६८०५०६। र सिउरेनीटार तोरिस्वाँरा वेनीटार सडक रु ३४२९९२६। को लागत मध्ये ७० प्रतिशत प्रदेश पुर्वाधार कार्यालय लमजुङ्ग र ३० प्रतिशत यस पालिका बाट खर्च व्यहोर्ने गरी उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता भएको थियो।आ.व २०७५।७६ मा सम्पन्न देखिएको उपरोक्त दुई सडकको मुल्यंकन रकम क्रमश रु ४६८०९८१ र ३४३०३४२।भए बमोजिम गत बर्ष पालिकाले उपरोक्त सडक निर्माणको उपभोक्ता सिमतिलाई क्रमश ९००००० । र ८५७७४३। भुक्तानी भएको तर कुल कामको मुल्यंकनमा कार्यविधिमा उल्लेख भए अनुसार संरचना निर्माणको कार्य नगरी माटो काट्ने कार्य मात्र शत प्रतिशत भएकोले प्रदेश पुर्वाधार कार्यालय लम्जुङ्गबाट सम्झौता अनुसार भुक्तानी गर्ने ७० प्रतिशत रकम भुक्तानी गर्ने नमिल्ने देखिएकोले कुल मुल्यांकन रकम मध्ये क्रमश रु ९५४०००। र ९५४०००। गरी २ सडक योजनाको लागी रु १९०८०००। मात्र भुक्तानी भएको देखिन्छ । पालिकाको कार्यालयले उपरोक्त सडक योजनाको प्रदेश पुर्वाधार कार्यालयबाट पाउने बाँकी रकम पाउन पुर्वाधार मन्त्रालय पोखरामा पत्राचार गरेकोमा निर्माणको कार्य नगरेको कारण कार्यविधि अनुसार भुक्तानी दिन नमिल्ने मन्त्रालयबाट समेत जवाफ प्राप्त भएको देखिन्छ।संरचना निर्माण कार्य सम्झौता र कार्यविधि अनुसार नगरेको कारण प्रदेश कार्यालयबाट भुक्तानी नभएको बाँकी रकम आ.व. ०७६।७७ को बजेट बाट तोकल बेनिगाउँ सिउरेनीटार सडकका उपभोक्ता समिति लाई यस बर्ष २०५।०७७।३।३१ मा रु २०४६०००। र सिउरेनीटार तोरी स्वाँरा बेनीघाट सडककमा उपभोक्ता समितिलाई २०७।०७७।३।३१ मा रु १०४५९९७। गरी जम्मा रु ३०९१९९७ दिन नमिल्ने भुक्तानी दिएको छ। प्रदेश साझेदारी सडक सम्बन्धी कार्यविधि २०७५ को व्यवस्था अनुसार उपभोक्ता समितिले सडकको कार्य नगरेको कारण भुक्तानी दिन नमिल्ने गरी घटाएको गत बर्षको रकम यस बर्ष पालिकाको वितिय समानिकरण बजेटबाट भुक्तानी दिएको कानुन सम्मत देखिएन। प्रचलित कानुनको पालना नगरी कार्य गराउनु अनियमित देखिएको रु	३०९१९९७
३१	**गिट्टी, ढुंगा, बालुवाको करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानुन अनुसार बाँडफाँड हुने गरेको देखिन्छ । सो अनुसार कार्यालयले यस वर्ष विभिन्न फर्मबाट नदिजन्य पदार्थ विक्रिवापत रु १५७५१४१। संकलन गरेकोमा सो को ४० प्रतिशत रकम रु ६३००५६। संचित कोषमा दाखिला गर्नुपर्ने देखिन्छ। तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरुको एकल अधिकार कायम गरेको तर सो अनुरुप	

दफा	भौचर नं. मिति र ब्यहोरा	बेरुजू रकम

प्रदेशहरुले तर्जुमा गरेका कानूनहहरु संशोधन गर्नुपर्नेमा नगरेको कारण सो करको बाँडफाँडमा अस्पष्टता देखिएको अवस्थामा उक्त दफा ६२(क) विपरित हुने गरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था देखियो। स्पष्ट कानूनी व्यवस्था गरी सो करको संकलन तथा बाँडफाँड गर्नुपर्दछ।

३२ **कर शुल्क असुलीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५,५७,५८ र ५९ मा एकिकृत सम्पति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शिर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ। लक्ष्य अनुरुप राजस्व उठाउने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

आय शिर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकिकृत सम्पति कर	५०००००	०	०
व्यवसाय कर	९९००००	१५५९०६	१५।७४
पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर	१५००००००	१३७००००	९१।३३

३३ **असुल गर्ने बाँकी आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ। यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहाय अनुसारका व्यवसायिबाट असुल गर्ने बाँकी रहेको छ। उक्त रकम असुल गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

सि नं	ठेकेदारको नाम	आय ठेक्काको नाम	बाँकी रकम
१	लवकुश निर्माण	नदिजन्य पदार्थ	५७२७७
२	मुक्तीनाथ कंक्रिट उद्योग	नदिजन्य पदार्थ	११६००००
जम्मा			

३४ **बढी निकासाः** सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नु पर्ने, भत्ता वितरण गर्दा बैक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, एम आइ एस प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। तर यस नगरपालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा गएको देखिएको छ। तसर्थ पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी निम्नानुसार बढी खर्च लेखेको असुल हुनु पर्ने रु ३६०००

नाम	जन्म मिति	नाप्रापनं	वडा नं	प्रथम चौमासिक	दोस्रो चौमासिमक	तेस्रो चौमासिक	भत्ताको प्रकार	बढी निकासा
मन कुरमारी कार्की	२००५।१२।१६	६९३११	७	१२०००	१२०००	१२०००	जेष्ठ नागरिक	३६०००
मन कुमारी प्रजा	२००५।१२।१६	६९३११	७	१२०००	१२०००	१२०००	जेष्ठ नागरिक	

३४.१ वडा नं १ को सामाजिक सुरक्षा भत्ता वितरण गर्दा श्री गिर बहादुर गुरुङ्गको नाममा रहेको रु २९६६४०० पेश्की रकम मध्ये २८८०८०० पछ्यौट भई बाँकी रहेको रकम रु ८५६०० मध्ये रु ४००० सोझै प्रभु बैक लिमिटेड कुरिनटार चितवनको खातामा दाखिला भएको देखिन्छ । पेश्की लिएर खर्च भै बाँकी रहेको ४०००

दफा	भौचर नं. मिति र ब्यहोरा	बेरुजू रकम
	रकम पालिकाको नाममा कोष तथा लर्खा नियन्त्रक कार्यालयमा फर्ता गर्नुपर्नेमा सोझै बैकलाई भुक्तानी दिएको रकम असुल गर्नु पर्ने रु	
	कृषि तर्फ चालुः	
३५	पालिकाले स्थानीय तहको कृषि शाखाबाट संचालन हुने कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ जारी गरी सोही कार्यविधिको आधारमा ठुलो परिमाणमा अनुदानका कार्यक्रम संचालन गरेको छ। उक्त कार्यविधि निर्माण गर्दा कुन ऐन तथा नियमलाइ टेकेर तयार गरेको हो सो नखुलाएकोले यस कार्यविधिको कानुनी आधार स्पष्ट छैन। यसै कार्यविधिवाट विभिन्न अनुदानका कार्यक्रम भएकोमा यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्:	
३५.१	सोही कार्यविधिको परिच्छेद ३ मा विभिन्न कार्यक्रमको लागि कार्यालय र कृषकको विभिन्न साझेदारिमा कार्यक्रम सन्चालन गरिने उल्लेख छ। तर कार्यालयबाट निम्न अनुदान वितरण गर्दा तोकिएको प्रतिशत भन्दा वढी हुने गरी भुक्तानी गर्दा देहायअनुसार रु ७३२३७७।वढी भुक्तानी भएको छ। उक्त रकमको सम्वन्धमा कार्यपालिकाले पटके निर्णय गरेर ५० प्रतिशत अनुदान रहने गरी निर्णय गरी अनुदान दिएको छ।तर कार्यपालिकाले कार्यविधि वनाउने तर कार्यविधि सम्सोधन नगरी पटके निर्णयका आधारमा शत प्रतिशत रकम भुक्तानी गर्नु उचित देखिएन। यसरी कार्यविधि सम्सोधन वेगर कार्यपालिकाको पटके निर्णयका आधारमा शत प्रतिशत अनुदान दिनु अनियमित देखिएकोमा उक्त व्यहोरालाइ गाउँसभाले नियमित गरी प्रतिक्रियासाथ प्रमाण पेश गरेको छ। कार्यविधिमा भएको व्यवस्थाको विपरीत खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।	

गो भौ, मिति	कार्यक्रमको नाम	कार्यालयले दिने अनुदान प्रतिशत	कृषकको योगदान प्रतिशत	जम्मा लागत	कार्यलय बाट भुक्तानि रकम	भुक्तानी हुनु पर्ने रकम	बढी भुक्तानी
५।०७७।२।२७	मौरि घार खरिद	५०	५०	६९००००	३९००००	३४५०००	४५०००
१०।०७७।३।२	प्लास्टिक टनेल वितरण	५०	५०	४५७५९३	४५७५९३	२२८७९६	२२८७९६
७।०७७।२।३२	कृषि यान्त्रिकरण कार्यक्रम	५०	५०	३७००७५	२२००६७	१८५०३७	३५०३८
१८,२१।०७७।३।१०	लिचि आप केरा प्रर्वद्धन कार्यक्रम	५०	५०	८८०८७	८८०८७	४४०४३	४४०४३
२४।०७७।३।२७	पकेट विकास कार्यक्रम	७०	३०	९०००००	९०००००	६३००००	२७००००
३०।०७७।३।३१	पकेट कार्यक्रम अन्तर्रगत	७०	३०	३६५०००	३६५०००	२५५५००	१०९५००
जम्मा							७३२३७७

दफा	भौचर नं. मिति र ब्यहोरा	बेरुजू रकम
३६	**युवा स्वरोजगारः** स्थानीय तहको कृषि शाखाबाट संचालन हुने कार्यक्रम कार्यन्वयन कार्यविधि २०७६ को परिच्छेद ३(१.३) मा युवा स्वरोजगार कार्यक्रमका लागि कार्यालय र कृषक विच ५०/५० प्रतिशत साझेदारि हुने उल्लेख छ। तरकारी खेति तथा फलफुलको लागि कम्तीमा पनि ५ रोपनी जग्गामा व्यावसायिक रुपमा खेति गदै आएका कृषकहरुलाई प्राथामिकता दिने कुरा उल्लेख भएता पनि व्यवसाय गर्दै आएको जग्गाको प्रमाण पेश गरेको देखिदैन । कार्यालयले युवा स्वरोजगार कार्यक्रम अन्तर्गत गो भौ नं २७।०७७।३।२८ वाट २५ जना कृषकलाई रु ४०००० को दरले रु १०००००० अनुदान दिएको छ । जसमा कृषकहरुले तरकारी, फलफुल तथा अन्य कार्यको लागि विउ विजन खरिद तथा उक्त कार्यको लागि लगाएको श्रमिकको डोर हाजिर सहित कुल खर्च भएको प्रमाण पेश गरि कार्यालयबाट ५० प्रतिशत अनुदान उपलब्ध गराएकोमा	

दफा	भौचर नं. मिति र ब्यहोरा	बेरुजू रकम
	विउ विजन खरिद तथा अन्य कार्यमा भन्दा डोर हाजिरी बढी देखाइ अनुदान लिएको देखियो। जसले गर्दा अनुदान रकमको सहि सदुपयोग भएको छ भनि विश्वस्त हुने आधार देखिएन। डोर हाजिर मात्र राखि खर्चको प्रमाण पुऱ्याउनु उचित देखिएन। यस्तो प्रवृत्तिमा सुधार गर्नुपर्दछ। केहि उदाहरण निम्न छनः	

भौ नं र मिति	अनुदान पाउने कृषकको नाम	फलफुल तथा तरकारिको विउ विजनमा खर्च	डोर हाजिरा देखाएको खर्च	जम्मा खर्च	अनुदान रकम
२७।२०७७।०३।२८	रमेश न्यौपाने	२०६५०	६०७५०	८१४००	४००००
	सृजना पोखरेल ढकाल	२०२२५	६०१००	८०३२५	४००००
	सुरेश श्रेष्ठ	१९९६०	७१४००	९१३६०	४००००
	विनोद कृषि तथा पशु पन्छि फर्म	१९९५०	७८४८०	९८४३०	४००००

दफा	भौचर नं. मिति र ब्यहोरा	बेरुजू रकम
३७	**औषधि खरिदः** यस गाउँपालिकाले औषधि खरिदको लागि E biding मार्फत सुचना प्रकाशन गरिएकोमा लागत अनुमान रु १५७६२४५।५० रहेकोमा १० वटा मेडिकल फर्महरुले प्रतिस्पर्धा गरेकोमा ६८.८९ घटी कबोल कबोल गर्ने मेडिजोन मेडिसिन कन्सनले रु ४९०३३३। ठेक्का प्राप्त गरेको छ। लागत अनुमानको तुलनामा ६८.८९ घट्नुले कि त लागत अनुमान त्रुटीपुर्ण छ वा औषधीको गुणस्तर कमजोर रहेको छ । सामान खरिद गर्दा लागत अनुमान विश्वसनिय वनाइ गुणस्तरमा सझौता नहुने गरी सामान खरिद गर्नुपर्दछ। साथै सोही फर्मवाट सोही दररेटमा प्रकोप व्यवस्थापन कोष (कोरोना कोष) वाट समेत (अत्याधिक घटेको कारण वजेट वाँकी रहेकोले पुन खरिद गर्ने निर्णय अनुसार) रु १०५०४२३।को सामान खरिद गरेको देखिन्छ। टेण्डरवाट नघटेको अवस्थामा कुल १५४०७५६। मा खरिद गरेको औषधीलाइ रु ४९५२६०७। को औषधी खरिद हुने र वजेट रु १६ लाखको मात्र भएको हुने अवस्थाले गर्दा उक्त औषधी खरिद गर्न सम्भव नहुनेमा घटेको कारणले वाँकी रकमवाट आवस्यकता नै विश्लेषण नगरी औषधी खरिद गर्नु उचित देखिएन। सानो गाउँपालिकाले यति ठुलो रकम खर्च गर्ने गरी औषधी खरिद गरेको देखिएकोले वास्तविक आवस्यकताको अध्ययन गरेको देखिएन।	
३७.१	**विद्यालय शिक्षक दरवन्दी तथा विद्यार्थी संख्याः** विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या अनुसार विद्यालय शिक्षक र शिक्षिकाको व्यवस्था गरिनुपर्दछ। विद्यार्थी संख्याको घटी वढी भएमा कार्यरत शिक्षक शिक्षिकाको समेत समायोजन र विद्यालय समेत मर्ज गर्नुपर्ने व्यवस्था रहेता पनि पालिकाले पेश गरेको विवरण अनुसार तपसिलका विद्यालयमा विद्यार्थी कम रहेको अवस्थामा समेत कार्यरत शिक्षक शिक्षिकालाई तलव भत्ता खर्च लेखेको पाईयो।अत न्युन विद्यार्थी संख्या भएका विद्यालय\वालविकास केन्द्रलाई नजिकको शिक्षण संस्थामा गाभी दरवन्दी मिलान गर्न जिल्ला शिक्षा समन्वय इकाइ र पालिकाले ध्यान दिनुपर्ने देखियो।	

सि.न	विद्यालयको नाम	संचालित कक्षा	विद्यार्थी संख्या	कार्यरत शिक्षक,शिक्षिका
१	अकला आवि	१-६ सम्म	२०	३
२	अन्नपुर्ण आवि	१-३ सम्म	१७	१
३	चक्रदेवि प्रा वि	१-३ सम्म	१५	० (परिचालिका)
४	देउराली प्रा.वी	१-३ सम्म	७	१
५	ज्ञानज्योती प्रा.वी	१-३ सम्म	७	०(परिचालिका)
६	जलकन्या देवी प्रा.वी	१-३ सम्म	११	१
७	जनकल्याण प्रा.वी.	१-५ सम्म	२२	३
८	शक्ति प्रा वि	१-३ सम्म	२२	१
९	सिद्ध प्रा वि	बाल विकास सिकाई केन्द्र	८	१
८	चिसापानी प्रा वि	१-३ सम्म	२०	२

<table>
<tr><th>दफा</th><th>भौचर नं. मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>३८</td><td>बढी निकासाः आर्थिक कार्यविधि नियमावली,२०६४ मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ।तथा पारीत तलवी प्रतिवेदन अनुसार तलव भत्ता भुक्तानी दिनुपर्ने उल्लेख छ। कार्यालयले यस वर्ष तलवी प्रतिवेदन पारीत नगरेकोमा आ व २०७७।७८ को तलवी प्रतिवेदन पारीत गरेको छ। जस अनुसार गाउँपालिकाले स्वास्थ्य तर्फको देहायका कर्मचारीको तलब निकासा गर्दा बढी तलव भुक्तानी भएको र उक्त व्यहोरा आन्तरीक लेखापरीक्षण प्रतिवेदनले समेत औंल्याएको हुँदा बढी निकासा भएको असुल हुनु पर्ने रु
<table>
<tr><td>नाम</td><td>पद</td><td>बढी रकम</td></tr>
<tr><td>पुस्कर खनाल</td><td>अ हे व</td><td>१०३४०</td></tr>
<tr><td>मिठाई श्रेष्ठ</td><td>का स</td><td>१४१७२</td></tr>
<tr><td>चेत बहादुर बराम</td><td>का स</td><td>२१२५२</td></tr>
<tr><td>सन्तोष प्रसाद घिमिरे</td><td>का स</td><td>४८७३०</td></tr>
<tr><td>सिता देवि लामिछाने</td><td>का स</td><td>२८३५२</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१२२८४६</td></tr>
</table>
</td><td>१२२८४६</td></tr>
<tr><td>३९</td><td>कोभिड १९ तर्फः आ व २०६७।७७ को अषाढ मसान्त सम्मको आम्दानी तथा खर्चको विवरण निम्न अनुसार रहेको भनि पेश गरेको छः
<table>
<tr><td>आम्दानीको स्रोत</td><td>२०७७ असार मसान्त सम्म प्राप्त रकम</td><td>खर्च शिर्षक</td><td>२०७७ असार मसान्त सम्मको खर्च</td></tr>
<tr><td>संघिय सञ्चित कोषबाट</td><td>०</td><td>राहात वितरण</td><td>८०००००</td></tr>
<tr><td>प्रदेश सञ्चित कोषबाट</td><td>५०००००</td><td>क्यारेन्टिन होल्डिङ्ग सेन्टर</td><td>६६९१३७</td></tr>
<tr><td>स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको</td><td>६६०७०५२</td><td>आईशोलेसन केन्द्र निर्माण व्यावस्थापन</td><td>६६००००</td></tr>
<tr><td>संघिय कोभिड कोषबाट</td><td>१०७८००</td><td>जनशक्ति परिचालनर स्वयेविका प्रोत्साहन</td><td>८०७८००</td></tr>
<tr><td>प्रदेश कोभिड कोषबाट</td><td>१४४२३७।९०</td><td>सामाग्री खरिद</td><td>२५४८६५६</td></tr>
<tr><td>अन्य स्रोतबाट प्राप्त</td><td>१११२११</td><td>अन्य शिर्षकमा भएको खर्च</td><td>१२२२१७।७९</td></tr>
<tr><td></td><td></td><td>बाँकी</td><td>१८६२४८९।८४</td></tr>
<tr><td>मौज्दात</td><td>७४७०३००।९०</td><td></td><td>७४७०३००।९०</td></tr>
</table>
माथि उल्लेखित खर्चको विवरण अनुसार देखिएका व्यहोरा देहायअनुसार छन्:

कार्यालयले राहत वितरणमा रु ८ लाख खर्च गरेको छ । सामान खरिद गर्दा पटक पटक सोझै खरिद गरेको देखिन्छ।
यस गाउँपालिकाले तयार तथा सञ्चालन गरेको क्वारेन्टिन तथा होल्डिङ सेन्टरमा निर्माण तथा सञ्चालन व्यवस्थापन मा रु ६ लाख ६९ हजार खर्च गरेको देखिन्छ भने आईशोलेसन केन्द्र निर्माण तथा व्यवस्थापनमा रु ६ लाख ६० हजार खर्च भएको देखिन्छ।
औषधी स्वास्थ्य सामाग्री एवं उपकरण खरिदमा रु २५ लाख ४८ हजार खर्च गरेको छ भने खर्च गर्दा पटक पटक रुपमा सोझौ खरिद भएको देखिन्छ।
यस गाउँपालिकाले जोखिम भत्ता बापत स्वास्थकर्मी लाई रु ४ लाख ८० हजार खर्च गरेको छ।
जिल्ला प्रशासन कार्यालयलाइ कार्यालयले रु ५ लाख भुक्तानी दिएकोमा खर्चको प्रमाण माग गरेको छैन भने खर्चको प्रगति विवरण समेत माग गरेको छैन। खर्च नभइ वाँकी रहेको भए उक्त रकम फिर्ता समेत प्राप्त गर्नुपर्नेमा खर्चको प्रगति समेत माग नगर्नु उचित देखिएन।
कोरोनाको रोकथामको लागि प्रकोप व्यवस्थापन कोष खडा गरेकोमा उक्त कोषवाट भौ नं ७ वाट रु १०५०४२३। का सामान खरिद गरेको छ भने भौ नं ५ वाट समेत रु ३६४७३०। का औषधी खरिद गरेको छ। जसमा कार्यालयको लागि नियमित प्रकृतिका औषधी हरु खरिद गरेको देखिन्छ। उक्त औषधीहरु कोरोनाकोषवाट खर्च गर्नु उचित देखिएन।

कोरोनाको प्रकोप व्यवस्थापनको लागि कार्यालयले कर्मचारी श्री वेदहरी अधिकारीलाइ रु ५ लाखको दरले दुइपटक रु १० लाख पेश्की उपलब्ध गराइ मिति २०७७।७।२६ मा फछ्यौंट गरेको छ। उक्त खर्च परिक्षण गर्दा रु १ लाख आर्थिक सहायतामा खर्च गरेको देखिन्छ भने अन्य रकम विरामीलाइ अस्पताल पुऱ्याउने, क्वारेन्टाइन व्यवस्थापन गर्ने लगायतमा खर्च गरेको छ। यसरी खर्च गरेकोमा</td><td></td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौचर नं. मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>पछि लगेको रु ५ लाखको पेश्की रकमको फछ्र्यौटका प्रमाण हेर्दा अधिकांश रकम आ व २०७७।७८ को श्रावण महिनाका रहेको देखाउछ। एक आर्थिक वर्षको रकम अर्को आर्थिक वर्षको लागि खर्च गर्नु उचित देखिएन । यसरी गरेको खर्च रकम अनियमित देखिएकोमा उक्त व्यहोरालाइ गाउँसभाले नियमित गरी प्रतिक्रियासाथ प्रमाण पेश गरेको छ। ऐनमा भएको व्यवस्थाको विपरीत खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>४०</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रमः-स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडकमा नाली निर्माण, सडक मर्मत तथा ग्याविन भर्ने, पैदल बाटो मा सिढी निर्माण काम लगायतका ९ वटा निर्माणका कार्यक्रम सञ्चालन गरी यस वर्ष १४७ जनालाई रोजगारी उपलव्ध गराई रु. २८ लाख ७३ हजार खर्च गरेको छ । लक्षित वर्गलाई २२ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।</td><td></td></tr>
<tr><td>४१</td><td>खाना तथा विविध खर्च - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु २४ लाख ४३ हजार खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ तथा प्रयोजन खुल्दैन ।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४२</td><td>अनुदान फिर्ता — विनियोजन ऐन २०७६ को दफा ४ (१२) तथा (१३) मा सशर्त समपुरक तथा विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभइ वचत भएमा त्यस्तो रकम सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत संघीय सन्चित कोषमा फिर्ता गर्नुपर्ने र फिर्ता नभएमा वित्तिय समानीकरण अनुदानवाट उक्त रकम कट्टा गर्नुपर्ने उल्लेख छ। प्रदेश विनियोजन ऐनले समेत सोही व्यवस्था गरेको छ। प्राप्त विवरण अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन। खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td>प्रदेश सरकार</td><td>समपुरक अनुदान</td><td>१८३०००००</td><td>१४६८२५००</td><td>३६१७५००</td></tr>
</table></td><td>३६१७५००</td></tr>
<tr><td>४३</td><td>आन्तरिक लेखापरिक्षणः स्थानीय सरकार संचालन ऐन २०७४,को दफा ७७(२) मा स्थानीय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ। यस स्थानीय तहको अन्तरसरकारी अख्तियारीको लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयवाट भएको छ भने वाँकीको हकमा आन्तरीक लेखापरीक्षण शाखावाट भएको देखिन्छ। आन्तरिक लेखापरीक्षणवाट देखिएका व्यहोराहरु देहाय वमोजिम छन। उक्त रकम देहायअनुसार असुल फछ्र्यौट गर्नुपर्ने रु
<table>
<tr><th>भौ नं</th><th>व्यहोरा</th><th>रकम</th></tr>
<tr><td colspan="2">कोष तथा लेखा नियन्त्रकको कार्यालय तर्फः</td><td></td></tr>
<tr><td></td><td>श्री कल्पना पौडेलले करार सेवा शुल्क शिर्षकबाट विल भरपाई वेगर भुक्तानी लिएको रकम विल भरपाई पेश गरी नियमित गर्नु पर्ने अन्यथा असुल उपर गर्नु पर्ने रु</td><td>४९५०</td></tr>
</table></td><td>६०८५०९</td></tr>
</table>

दफा	भौचर नं. मिति र ब्यहोरा	बेरुजू रकम

	भंगेरीडाँडा दलभन्याङ्ग रानीस्वाँरा बतासे भन्ञ्याङ्ग सडक योजनाको अन्तिम विल भुक्तानी दिँदा प्रोभिजनल सम अन्तर्गत **Project sign board** को विल भरपाई बेगर भुक्तानी दिइएको रकम असुल गर्नु पर्ने रु	२२६००
	प्रजाज्योति आ वि नयाँ घेराबार निर्माणको लागत अनुमान तथा अन्तिम विल भुक्तानी दिंदा सि नं ४ मा **Installation filling and angle of size** ५०*५०*५ रहेकोमा सि नं ६ मा पुन **Fitting and installation charge angel fabrication and mesh wire** को काम राखि रु १००००। भुक्तानी दिएको देखिन्छ। यसरी एउटै कामको भुक्तानी दोहोरो पर्न गएकोले बढी भुक्तानी भएको रकम असुल उपर गर्नु पर्ने रु	१००००
गाउँपालिको आन्तरिक लेखापरिक्षण तर्फः		
२५	यस कार्यलयको कार्यालय भवन अल्मुनियम पार्टीसन गर्ने कार्य वापतको रकम रु ३१६९२१। प्रिन्सिया स्टील एण्ड आल्मोनियम फेर्विकेट लाई भुक्तानी दिएकोमा सक्कल विल नभएकोले सक्कल विजक वा मु अ कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु	३१६९२१
२२	एक लाख भन्दा बढी रकमको खरिद गर्दा खरिद इकाइ गठन गरी कोटेशन माग गरी कार्यालय प्रमुख बाट स्वीकृत गराई खरिद गरिनुपर्नेमा खरिद इकई गठन नगरी र कोटेशन माग नगरी देवकोटा छापाखाना तथा प्रिन्ट हाउस बाट रु २५२८३८। को कार्यालय सामाग्रि खरिद गरेकोले प्रमाणित कागजात पेश गरी उक्त रकम नियमित गर्नुपर्ने रु	२५२८३८
४०	प्रकाश बाबु गुरुङ लाई गाडि भाडा बापतको रकम भुक्तानी दिएकोम बाहाल कर कट्टी नगरेको रु	१२००
	भौ नं २२, २०, ७७, ८६, ७९,९३ वाट कार्यालय सामान खरिद गर्दा माग फारम खरिद आदेश दाखिला प्रतिवेदन पेश नगरी तथा एक लाख भन्दा बढी रकमको खरिद गर्दा खरिद इकाइ गठन गरी कोटेशन माग गरी कार्यालय प्रमुख बाट स्वीकृत गराई खरिद गरिनुपर्नेमा खरिद इकई गठन नगरी र कोटेशन माग नगरी कुल २५४३९६। को सामान खरिद गरेको छ। यसमा सुधार गर्नुपर्दछ।	
जम्मा		६०८५०९

४४ **पेश्की बाँकीः** सार्वजनिक खरिद नियमावली, २०६४ **वमोजिम** दिएको देहायअनुसारको मोविलाइजेशन पेश्की रकम कार्यालयले फछ्यौंट नगरेकोले फछ्यौंट गर्नुपर्दछ।

मिति	पेश्की लिनेको नाम	रकम
२०७६।६।१४	साथी कन्स्ट्रक्सन कम्पनी प्रालि	३१२४७५
२०७७.३.२३	पृथ्वि जे के वि निर्माण सेवा जे भी	१३८२५००
२०७७.३.३०	सिनर्जी होम जे भी	७५०००००
२०७७.३.३०	सिनर्जी होम जे भी	५२०००००
	जम्मा	१४३९४९७५

४५ **अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भएको छैन। तत्पश्चात देहायका आ व को रु ५६०८९३५।संपरिक्षण गरिएको छ।

दफा	व्यहोरा	रकम

दफा	भौचर नं. मिति र ब्यहोरा			बेरुजू रकम
	आ व २०७४।७५			
	३६	अनिता एग्रो कन्सर्नलाई प्रिन्टेड प्यान विलको आधारमा भुक्तानी दिएको सम्बन्धमा मिति २०७८।०१।१५ को निर्णयबाट नियमित भई आएको ।	८००००	
	३९	कालिका कृषि सहकारी संस्था लिमिटेड लाई हातले लेखेको प्यान विलको आधारमा भुक्तानी दिएको सम्बन्धमा मिति २०७८।०१।१५ को निर्णयबाट नियमित भई आएको ।	३८५००	
	आ व २०७५।७६			
	१५	रकमान्तर गर्न नमिल्ने शिर्षकबाट रकमान्तर सम्बन्धमा मिति २०७८।०१।१५ को निर्णयबाट नियमित भई आएको ।	११७०१२५	
	१६	मलेप फा नं १८ प्रमाणित नगराई गत वर्षको भुक्तानी गरेको सम्बन्धमा मिति २०७८।०१।१५ को निर्णयबाट नियमित भई आएको ।	१६६४०६०	
	३५	लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन वेगर पोल ढुवानी रकम भुक्तानी गरिएको सम्बन्धमा मिति २०७८।०१।१५ को निर्णयबाट नियमित भई आएको ।	७४६६००	
	४९	प्रतिस्पर्धा नगराई टुक्रा टुक्रा गरि खरिद गरेको सम्बन्धमा मिति २०७८।०१।१५ को निर्णयबाट नियमित भई आएको ।	९९४००	
	५०	मिति २०७८।०१।१५ को निर्णयबाट नियमित भई आएको।	६६३५०	
	६९	अनुदान बाट आर्थिक सहायता भुक्तानी गरिएको सम्बन्धमा मिति २०७८।०१।१५ को निर्णयबाट नियमित भई आएको।	५४८०००	
	८१	मिति २०७८।०१।१५ को निर्णयबाट नियमित भई आएको।	२५५०००	
	८६	अनुगमन भत्ता रकमा अनियमित देखिएमा मिति २०७८।०१।१५ को निर्णयबाट नियमित भई आएको	४५९००	
		जम्मा	५६०८९३५	

अनुसु च १

पा लकाको सं चतकोषको ववरण

२०७६।०७७

प्रदेश: गण्डकी (रु हजारमा)

क्र. सं.	स्थानिय तह	जिल्ला	आय					जम्मा आय					मौज्दात
			गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व वाडफाड	आन्तरीक आय	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५	६ (२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
१	गण्डकी गाउँपालिका	गोरखा	४२२०५	३३६६२६	५३११०	१७२७६	१२४६५१	५३१६६३	२४४२००	११५१४६	११४३२६	४७३६७२	१००१९६

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७६।७७

अनुसु च २

(रु हजारमा)

सि नं	स्थानिय तह	जिल्ला	प्रारम्भिक वेरुजु			प्रतिक्रियावाट फछ्यौट			वाँकी वेरुजु			वाँकी वेरुजु								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगति		सैदान्तिक	लगति		सैद्धान्तिक	लगती			अनिय मत भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभनां न लएको	जम्मा	कमंचारी	अन्य	जम्मा
१	गण्डकी गाउँपालिका	गोरखा	२८	२९	२५१४५	०	८	१६०२६	२८	२१	९११९	२२९३	३०९२	३७३४			६८२६			०

अनुसुची ३

अद्यावधिक वेरुजु स्थीती

(रु हजारमा)

क स	स्थानिय तह	जिल्ला	गत बर्ष सम्मको बाँकी	यो बर्षको फछ्यौट	बाकी	यो बर्ष सम्पबाट कायम बेरुजु	यो बर्षको बेरुजु	कुल बाकी बेरुजु
१	गण्डकी गाउँपालिका	गोरखा	५०९७०	५६०९	४५३६१		९११९	५४४८०